**नेपाली महावाणिज्यदूतावास**
**सान फ्रान्सिस्को**

**स्वत: प्रकाशन (Proactive Disclosure)**

**महावाणिज्यदूतावासबाट २०८३ वैशाख देखि २०८३ असार मसान्तसम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरूः**

**महावाणिज्यदूतले गर्नुभएको औपचारिक भेटघाट तथा छलफलहरू**

- जुन ०५, २०२६ मा ओरेगन राज्यको कर्निलियस सहरका मेयर Mr. Jeffrey C. Dalin सँग वहाँको कार्यकक्षमा भेटवार्ता ।
- मे २०, २०२६ मा अमेरिकी वाणिज्य मन्त्रालयको अन्तर्राष्ट्रिय व्यापार विभागका Deputy Under Secretary for Policy, Mr. Brandon Remington सँग सान फ्रान्सिस्कोस्थित National AI Center को कार्यालयमा भेटवार्ता ।
- अप्रिल २४, २०२६ मा वायोमिङ्ग राज्यका गभर्नर Hon. Mark Gordon सँग रिभर्टन सहरमा शिष्टाचार भेट ।
- अप्रिल २४, २०२६ मा वायोमिङ्ग राज्यको लारामी सहरमा रहेको वायोमिङ्ग स्टेट युनिभर्सिटीका अध्यक्ष Dr. Ed Sheidl सँग वहाँको कार्यकक्षमा भेटवार्ता ।
- अप्रिल २२, २०२६ मा वायोमिङ्ग राज्य सभाका विधायन Hon. Evan Posey सँग रिभर्टन सहरमा शिष्टाचार भेट।
- अप्रिल २२, २०२६ मा रिभर्टनस्थित सेन्ट्रल वायोमिङ्ग कलेजका अध्यक्ष Dr. Brad Tyndall सँग वहाँको कार्यकक्षमा भेटवार्ता ।
- अप्रिल १७, २०२६ मा ओरेगन राज्यको युजिन सहरकी मेयर Ms. Kaarin Knudson सँग वहाँको कार्यकक्षमा भेटवार्ता ।

**आर्थिक कूटनीति तथा नेपाल प्रवर्द्धनसम्बन्धी कार्यहरू**

- २९ मे २०२६ का दिन सान फ्रान्सिस्को बे एरियाको रिचमण्डस्थित नेपाली कम्यूनिटी सेन्टरमा एक औपचारिक कार्यक्रमको आयोजना गरी अन्तर्राष्ट्रिय सगरमाथा दिवस कार्यक्रम सम्पन्न गरिएको ।

कार्यक्रममा अमेरिकी संघीय सरकार र क्यालिफोर्निया राज्य सरकारका अधिकारीहरुका साथै सान फ्रान्सिस्कोस्थित कूटनीतिक समुदाय तथा नेपाली समुदायका प्रबुद्ध व्यक्तित्वहरुको उपस्थिती रहेको ।

- मे १५, २०२६ मा सान फ्रान्सिस्को सहरमा रहेको Sacramento Seminar नामक एक प्रबुद्ध समुहका सदस्यहरू माझ प्रमुख वक्ताको रूपमा महावाणिज्यदूत श्री लक्ष्मण खनालले नेपालको ऐतिहासक राजनीतिक घटनाक्रम, लोकतान्त्रिक प्रणालीको विकासक्रम, नेपालको वर्तमान आर्थिक, सामाजिक तथा राजनीतिक अवस्था एवम् आर्थिक विकासका लक्ष्य तथा संभावनाहरूका बारेमा विस्तृत प्रस्तुतिकरण गर्नुभएको ।

- मे ८, २०२६ मा Nepal Association of Software and IT Services Companies (NAS-IT) ले सान फ्रान्सिस्कोमा आयोजना गरेको Nepal Tech Connect कार्यक्रममा महावाणिज्यदूत सहभागी हुनु भएको ।

- मे ०६, २०२६ का दिन सान फ्रान्सिस्को स्टेट युनिभर्सिटीमा आयोजित Asian American and Pacific Islander (AAPI) सांस्कृतिक मेलामा महावाणिज्यदूतावासको तर्फबाट एउटा छुट्टै स्टल राखी नेपाली कला, संस्कृति, भेषभुषा लगायत नेपाली पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन गरिएको ।

- अप्रिल २४, २०२६ का दिन महावाणिज्यदूत श्री लक्ष्मण खनालले वायोमिङ्ग राज्यको लारामी सहरस्थित वायोमिङ्ग स्टेट युनिभर्सिटीमा नेपालको बारेमा एक प्रस्तुतिकरण गर्नुभएको। कार्यक्रममा उक्त युनिभर्सिटीका प्रोफेसरहरू, स्टाफ कर्मचारीहरू र उक्त युनिभर्सिटीमा अध्ययनरत नेपाली तथा विदेशी विद्यार्थीहरूको उपस्थिति रहेको ।

## सार्वजनिक कूटनीतिसम्बन्धी कार्यहरू

- महावाणिज्यदूतावासको प्रमुख संरक्षकत्वमा गैरआवासीय नेपाली संघ-क्यालिफोर्निया च्याप्टरले मे १०, २०२६ मा सान फ्रान्सिस्को सिटीमा नेपाली परम्परागत भेषभुषा तथा विभिन्न सांस्कृतिक झांकीहरूसहितको Nepal Day Parade आयोजना गरेको ।उक्त कार्यक्रम आयोजनाको स्वीकृति तथा आतिथेय सरकारी निकायका प्रतिनिधिहरू एवम् सान फ्रान्सिस्को कन्सुलर कोरका सदस्यको सहभागिताका लागि महावाणिज्यदूतावासले आवश्यक सम्पर्क, समन्वय एवम् पत्राचार गरेको ।

- अप्रिल १४, २०२६ का दिन अपरान्ह सान फ्रान्सिस्को बे एरियाको रिचमण्ड सिटीले नेपाली नयाँ वर्षको अवसर पारेर आफ्नो सिटी हल परिसरमा एक संक्षिप्त औपचारिक कार्यक्रमको आयोजना गरी नेपालको राष्ट्रिय झण्डा फहराएको ।उक्त समारोहमा महावाणिज्यदूतको उपस्थिति रहेको । रिचमण्ड सिटीको आर्थिक, समाजिक तथा सांस्कृतिक विविधताको विकासमा नेपाली समुदायले पुऱ्याएको अनुपम योगदानको कदर गर्दै सिटी काउन्सिलले १४ अप्रिललाई Nepal Day को रूपमा मनाउने घोषणापत्र (proclamation) जारी गरेको।

- त्यसैगरी, अप्रिल १४, २०२६ कै साँझ सान फ्रान्सिस्को बे एरियाको हर्कुलिस सिटी काउन्सिलले आफ्नो औपचारिक सत्रको दौरान नेपाली समुदायले हर्कुलिस सिटीको सामाजिक तथा सांस्कृतिक विविधता विकासमा

पुऱ्याएको महत्त्वपूर्ण योगदानको प्रशंसा गर्दै १४ अप्रिललाई Nepal Day को रूपमा मनाउने घोषणापत्र जारी गरेको ।उक्त घोषणापत्र ग्रहण गर्दै काउन्सिलको सो सत्रमा महावाणिज्यदूत श्री लक्ष्मण खनालले सम्बोधन गर्नुभएको ।

- महावाणिज्यदूतावासको उत्प्रेरणा एवम् दिशानिर्देशमा बे एरियामा रहेको नेपाली समुदायले गरेको सार्थक पैरवीको परिणामस्वरूप रिचमण्ड र हर्कुलिस सिटीका अतिरिक्त सान फ्रान्सिस्को र सान्टा क्लारा सिटीले समेत १४ अप्रिललाई Nepal Day को रूपमा मनाउने घोषणापत्र जारी गरेका ।
- महावाणिज्यदूतावासका गतिविधि तथा नेपाल प्रवर्द्धनसँग सम्बन्धित सामग्री, सूचना एवम् जानकारीहरू महावाणिज्यदूतावासको आधिकारिक फेसबुक पेज, एक्स अकाउन्ट तथा वेवसाइटमार्फत् नियमित रूपमा प्रचार प्रसार गरिएको।

## नेपाली समुदायसँग अन्तर्क्रिया

- मे १९, २०२६ मा Stanford University मा रहेको नेपाली विद्यार्थीहरूको संस्था- Nepali Student Association- Stanford का प्रतिनिधिहरूसँग महावाणिज्यदूतावासमा छलफल गरेको ।उक्त अवसरमा नेपाल प्रवर्द्धनका लागि महावाणिज्यदूतावास र NSA-Stanford बीच हुनसक्ने सहकार्यहरू एवम् पश्चिमी क्षेत्रका अन्य राज्यका युनिभर्सिटीहरूमा अध्ययनरत नेपाली विद्यार्थीहरूसँग महावाणिज्यदूतावासको सम्पर्क स्थापनामा NSA-Stanford ले खेल्नसक्ने भूमिकाका बारेमा छलफल गरिएको ।
- अप्रिल २५, २०२६ मा वायोमिङ्ग राज्यको लारामी सहरमा रहेको नेपाली समुदायसँग छलफल तथा अन्तर्क्रिया गरेको।उक्त कार्यक्रम Friends of Nepal at the University of Wyoming (FNUW) ले संयोजन तथा व्यवस्थापन गरेको ।
- अप्रिल १८, २०२६ का दिन गैरआवासीय नेपाली संघ- ओरेगन च्याप्टरका प्रतिनिधि तथा पोर्टल्याण्ड र आसपासको क्षेत्रमा रहेका नेपालीहरूसँग छलफल तथा अन्तर्क्रिया गरेको।

## सामुदायिक कार्यक्रमहरूमा सहभागिता

- Nepali Association of Oregon (NAO) सँगको सहकार्यमा Himalayan Tigers Golf Club ले जुन ५-७, २०२६ सम्म ओरेगन राज्यको पोर्टल्याण्ड सहरमा आयोजना गरेको 4th Everest Open Golf Championship को समापन सत्रमामा महावाणिज्यदूत श्री लक्ष्मण खनाल उपस्थित हुनुभई प्रतियोगिताका विजयी खेलाडीहरूलाई ट्रफी तथा पुरस्कार वितरण गर्नुभएको । प्रतियोगतामा अमेरिकाका प्रमुख सहर तथा राज्यमा बसोबास गर्ने नेपाली गल्फ खेलाडीहरूको सहभागिता रहेको ।

- मे १६, २०२६ मा NANC Cricket Cup 2026 को अन्तिम खेल तथा समापन समारोहमा महावाणिज्यदूत श्री लक्ष्मण खनाल उपस्थित हुनुभई खेलाडीहरूको हौसला बढाउनुका साथै प्रतियोगिताका विजयी टिमका खेलाडीहरूलाई पदक, प्रमाणपत्र तथा पुरस्कार प्रदान गर्नुभएको। प्रतियोगिता Nepali Association of Norther California (NANC) को सहयोग एवम् संरक्षकत्वमा आयोजना भएको ।
- मे १४, २०२६ मा Nepal Youth Foundation ले सान फ्रान्सिस्को सहरमा आयोजना गरेको Founders Day कार्यक्रममा महावाणिज्यदूत श्री लक्ष्मण खनाल सहभागी हुनुभएको ।
- Nepali Association of Oregon (NAO) ले आफ्नो स्थापनाको २५औं वर्षगाँठ मनाउन अप्रिल १८, २०२६ मा आयोजना गरेको कार्यक्रममा महावाणिज्यदूत सहभागी हुनुभएको ।
- नयाँ वर्ष २०८३ को अवसर पारेर Greater Sacramento Nepali Community Center (SNCC) ले अप्रिल १८, २०२६ मा स्याक्रमेन्टोमा आयोजना गरेको वार्षिक पिकनिक कार्यक्रममा महावाणिज्यदूतावासको उपस्थिति रहेको ।
- नयाँ वर्ष २०८३ को अवसर पारेर दक्षिणी बे एरियामा सक्रिय रहेको "सन्नी सगरमाथा" नामक नेपाली संस्थाले अप्रिल २६, २०२६ मा San Jose मा आयोजना गरेको वार्षिक पिकनिक कार्यक्रममा महावाणिज्यदूतावासको उपस्थिति रहेको ।

## खोज तलास तथा उद्दारसम्बन्धी कार्य

- गैरआवासीय नेपाली संघ-क्यालिफोर्निया च्याप्टरसँगको सहकार्यमा क्यालिफोर्निया राज्यको लस एञ्जलसमा अलपत्र परेका २ जना नेपालीको उद्दारका गरिएको । महावाणिज्यदूतावासबाट उक्त व्यक्तिहरूलाई निःशुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिएको ।
- लस एञ्जलस सहरमा अलपत्र अवस्थामा रहेका एकजना नेपाली विद्यार्थीको उद्दारका लागि निजको परिवार र निजलाई आश्रय प्रदान गरिरहेको संस्थाबीच सम्पर्क स्थापना गर्न आवश्यक सहजीकरण गरेको ।
- सियाटलमा बेपत्ता भएका एकजना नेपाली विद्यार्थीको खोजतलास तथा उद्दारको लागि आवश्यक सम्पर्क, समन्वय एवम् पत्राचार गरेको।
- सान फ्रान्सिस्को सहरमा एकजना नेपाली महिलाको मृत्यु भएको घटनाका सम्बन्धमा स्थानीय अधिकारी, मृतकको परिवार, आफन्त तथा बे एरियाको नेपाली समुदायसँग आवश्यक सम्पर्क एवम् समन्वय गरेको ।
- लस एञ्जलस र युटामा आत्महत्याका कारण ज्यान गुमाएका २ जना व्यक्तिको अस्तु नेपाल लैजाने कार्यमा आवश्यक सहजीकरण गरेको ।

## नयाँ प्रणालीमार्फत् राहदानी सेवा प्रवाह प्रारम्भ

- राहदानी विभागले २०८३ असार २९ गते (१३ जुलाई २०२६) देखि सञ्चालनमा ल्याएको नयाँ राहदानी प्रणालीको कार्यन्वयनका लागि आवश्यक प्राविधिक तयारी, प्रणाली जडान तथा परीक्षण सम्पन्न गरी महावाणिज्यदूतावासबाट २०८३ असार ३० गते मङ्गलबार (१४ जुलाई २०२६) देखि नयाँ राहदानी प्रणाली अन्तर्गत राहदानी सेवा शुरू गरिएको ।

## घुम्ती सेवामार्फत् सेवा प्रवाह

- Nepali Association of Oregon (NAO) सँगको सहकार्यमा जुन ६-७, २०२६ मा ओरेगन राज्यको पोर्टल्याण्ड सहरमा राहदानी तथा कन्सुलर सेवा सञ्चालन गरिएको ।
- गैरआवासीय नेपाली संघ युटा च्याप्टरसँगको सहकार्यमा मे २, २०२६ मा युटा राज्यको Salt Lake City मा राहदानी तथा कन्सुलर सेवा सञ्चालन गरिएको ।

## सेवा प्रवाहको स्थिति (२०८३ वैशाख देखि २०८३ असार मसान्तसम्म तदनुसार १४ अप्रिल देखि १६ जुलाई २०२६सम्म)

- विद्युतीय राहदानी जम्मा –७०३
- एकतर्फी यात्रा अनुमतिपत्र जम्मा - १२
- अधिकृत वारेशनामा प्रमाणीकरण जम्मा – ५०
- नेपालको लागि भिसा जारी जम्मा- १८४
- गैरआवासीय नेपाली परिचयपत्र जारी जम्मा – ३३
- नेपाली नागरिकता परित्याग - २०
- विभिन्न कन्सुलर कागजात प्रमाणीकरण जम्मा- ५२
- राजश्व संकलन जम्मा- अ. ड. १४९,८८७।५०

-----------------------------------